# प्रभाव दैनिक

National Daily

वर्ष ९ | अंक १९६ | काठमाडौं | बिहीबार, १ मंसिर २०७९ | Prabhab National Daily | Thursday, November 17, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'हाम्रालाई होइन राम्रालाई भोट'

■ रमेश गिरी

**काठमाडौं-** यहाँका किसान धान भित्र्याएर गहुँ छर्ने चटारोमा छन् । यहाँका किसान, व्यापारी, महिला, पहिलोपटक मतदान गर्न लागेका युवायुवती मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा हाम्रालाई नभई राम्रालाई रोजेर भोट दिने बताउन थालेका छन् ।

यो चुनाव देश बनाउने चुनाव हो, सरकार बनाउने चुनाव हो भन्दै अहिलेको चुनावलाई हल्का रूपमा नलिई राम्रा उम्मेदवार छानेर मतदान गर्ने मतदाता बताउँछन् । सूर्यविनायक नगरपालिका-१ सिरुटारकी १९ वर्षीया सम्झना खड्का पहिलोपटक मतदान गर्ने प्रतीक्षामा छिन् । उनी उत्साहित हुँदै भन्छिन्, 'म त पहिलोपटक मतदान गर्न लागेकी हुँ, आफ्नो गाउँको र यो देशको विकास गर्न सक्ने उम्मेदवार रोजेर भोट हाल्छु । मेरो पहिलो मत खेर नजाओस्, झूटा आश्वासन दिने आफन्त नै भए पनि काम गर्न सक्ने राम्रालाई भोट दिन्छु ।'




यस पटकको मतदानमा चार मतपत्र हुने भएकाले कुन मतपत्र कुन उम्मेदवारका लागि हो, कुन भोट संघीय र प्रदेशसभाका लागि हो, कुन समानुपातिकका लागि हो भन्नेमा अलिअलि अलमल रहेको पनि मतदाता शिक्षाले सहज बनाइदिएको उनको भनाइ छ । कसलाई भोट दिने भनेर परिवारमा छलफल हुने गरेको जनाउँदै उनले परिवारका सबै जनाको विचार एउटै नभएकाले एकै उम्मेदवारलाई सबै भोट जाने सम्भावना नभएको बताइन् ।

सूर्यविनायक-४ दधिकोटकी पूजा न्यौपाने कतिपय दलका विगतका सरकार हेरेको बताउँदै देश विकास गर्ने मूल एजेण्डा बोकेको विश्वासिलो दललाई भोट दिने सुनाइन् । अहिलेका मतदाता धेरै बाठा भएकाले कुन दल र कुन नेता रोज्ने भन्नेबारेमा मतदाता सचेत रहेको उनी बताउँछिन् । उनले भनिन्, 'गाउँमा सडक बन्यो, पुल बन्यो, खानेपानी आयो, खै त हाम्रो खेतमा हाल्ने मल ? न असारमा मल पायौं, न अब गहुँ छर्ने आलु रोप्ने बेला आयो ।'

भक्तपुर नगरपालिका-१ सल्लाघारीका वसन्त श्रेष्ठले २० वर्षदेखि पार्टी र नेताको गतिविधि नियालिरहेको उल्लेख गर्दै अब कसले विकास ल्याउन सक्ने भन्ने प्रस्ट भएको बताए । उनी भन्छन्, '२०४८ सालको निर्वाचनदेखि २०७४ सालसम्मको निर्वाचनलाई हेरेका छौं, सबै दल र उम्मेदवारलाई राम्ररी चिनेका छौं, हामीलाई २०७२ सालको भूकम्पमा, हनुमन्तेको बाढीले भक्तपुर र ठिमी डुबानमा पारेका बेलामा, कोरोनोका महामारीका बेलामा को नेताले जनतालाई साथ दियो, कुन दलले जनतालाई साथ दियो, भक्तपुरमा कसले विकास ल्यायो हामीले बुझेका छौं ।'

सूर्यविनायक-५ की ४१ वर्षीया सामाजिक कार्यकर्ता अनिता पाण्डे महिला, बालबालिकाको अधिकारका लागि लड् नसक्ने नेता आफूले चुन्ने बताउँछिन् ।

उनी भन्छिन्, ' मतदातालाई यसपटक मत दिन सजिलो छ, विगतमा जितेर जाने नेताले कति विकास गरे, विकासका सवालमा हार्ने दलले पहल गरे कि गरेनन्, भ्रष्टाचार भयो कि भएन, सडक, खानेपानी, ढल टोलटोलमा पुग्यो कि पुगेन, चुनावपछि जितेका र हारेका पार्टीका नेता आफ्नो गाउँमा आए कि आएनन्, जनताको सुख दुःखमा नेताले साथ दिए कि दिएनन्, कोरोना महामारीमा नेताहरू जनताको समस्या समाधान गरे कि गरेनन् यी सबै मूल्यांकन गरेर मतदान गर्ने विचार गरेको छु ।'

चाँगुनारायण नगरपालिका-९ ताथलीकी ३१ वर्षीया रेणुका बस्नेत दल र उम्मेदवार धेरै भएकाले बुझेर मात्रै मतदान गर्ने बताउँछिन् । यसपटक दलका उम्मेदवारभन्दा स्वतन्त्र उम्मेदवार धेरै भएको उल्लेख गर्दै सबैको एजेण्डा र घोषणापत्रको अध्ययन गरिरहेको र विश्वासिलो एजेण्डा लिएर आउने उम्मेदवार आफ्नो रोजाइमा (**बाँकी पृष्ठ ५ मा**)

# चुनावको मुखमा हिंसा

### भोजपुरमा बम विष्फोट, गोरखा र दार्चुलामा कुटपिट हुँदा चितवनमा तोडफोड

■ जेबी योञ्जन

**काठमाडौं-** सरकारले शान्तिपूर्ण र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्नेगरी सुरक्षा व्यवस्था कडा बनाएको दाबी गरिरहँदा तोडफोडदेखि बम विष्फोटसम्मका घटना हुन थालेका छन् । मुलुकका केही ठाउँमा भने प्रतिस्पर्धी दल नेकपा एमाले र सत्ता गठबन्धनका कार्यकर्ताबीच कुटाकुट भएका घटनाहरू पनि सार्वजनिक भइरहेका छन् ।

चुनाव केन्द्रित सुरक्षा रणनीति कार्यान्वयनमा ल्याएको र मतदातालाई शान्तिपूर्ण वातावरणमा मतदान गर्न सकिने अवस्था सिर्जना गरेको सरकारी दाबीलाई देशका विभिन्न ठाउँमा घटेका घटनाहरूले खण्डित गरेको छ । बिहीबार मात्रै प्रदेश १ को पहाडी जिल्ला भोजपुरको पौवादुङ्मा गाउँपालिका-२ मा बम विष्फोट भयो । विष्फोट गराउने नेत्रविक्रम चन्द ' विप्लव'का कार्यकर्ता रहेको भोजपुरका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले बताए । उनका अनुसार विष्फोट गर्ने सुमन श्रेष्ठ नै घाइते भएका छन् ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले वाम-लोकतान्त्रिक गठबन्धनको कार्यक्रमलाई सम्बोधन गर्ने ठाउँ तिवारी भञ्ज्याङदेखि करिब २०० मिटर टाढा बम विष्फोट भएको हो । टिफिन बक्सभित्र मोबाइल जडित बम विष्फोट भएको घटनापछि जिल्ला सुरक्षा समितिको बैठक शुक्रबार बस्ने तय भएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

'त्यस्तो चुनाव बिथोल्ने खालको स्थिति होइन । यसो तर्साउन खोजेजस्तो देखिन्छ । अरु केही होइन । डराउनुपर्ने खालको केही छैन,' उनले प्रभावसँग भने, 'सुरक्षा व्यवस्था अझ कडा पार्न भोलि (बिहीबार) सुरक्षा समितिको बैठक बसेर कार्ययोजना बनाउँछौं ।'

बिहीबार नै चितवन-२ को पुरानो मेडिकल कलेज रोडमा नेपाली कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठको गाडी तोडफोड भयो । गाडी रोकेर मतदाताहरूसँग मत मागिरहेका बेला मोटरसाइकलमा आएका नचिनेका युवाहरूको समूहले तोडफोड गरेको र उनीहरूलाई प्रहरीले लखेटेका थिए ।



**बाँयाबाट क्रमशः गोरखा पालुङटारका घाइते हरि काफ्ले, दार्चुलाको नौगाड गाउँपालिका जयभान धामी, चितवनमा तोडफोड भएको कांग्रेस उम्मेदवार उमेश श्रेष्ठको गाडी र मुग्लिन नजिकै तोडफोड भएको राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रवि लामिछानेको गाडी ।**

*तस्बिरहरू: सामाजिक सञ्जाल*

> तीन लाख सुरक्षाकर्मी परिचालन भएपछि चुनाव शान्तिपूर्ण र भयरहित वातावरणमा हुन्छ । यसमा हामी प्रतिबद्ध छौं ।
>
> ■ **टेकप्रसाद राई**
> डिआइजी/प्रहरी प्रवक्ता

सोमबार गोरखाको पालुङटार नगरपालिका-७ को म्याङ्गो रिसोर्टमा एमालेका उम्मेदवार अब्दुस मियाँको चुनावी टोलीमा रहेका हरि काफ्लेलाई सत्ता गठबन्धननिकट कार्यकर्ताले बियरको बोतलले आक्रमण गर्दा सात टाँका लगाउनुपरेको थियो । काफ्ले एमालेको गण्डकी प्रदेश कमिटी सचिवालय सदस्य हुन् ।

आइतबार चितवन-२ का राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका रवि लामिछानेको गाडी मुग्लिन नजिकै तोडफोड भएको थियो । सत्ता गठबन्धनका कार्यकर्ताले रविका समर्थकहरूलाई जिस्काएका कारण तोडफोड गरेको विवरण सार्वजनिक भएको छ । सोही दिन दार्चुलाको नौगाड गाउँपालिकामा सत्ता गठबन्धन र एमालेका कार्यकर्ताहरूबीच कुटाकुट भएको थियो । घटनामा माओवादी केन्द्रका जयभान धामी गम्भीर घाइते भएका छन् । चुनाव हुन केही दिन बाँकी छँदा देशभर चारवटा घटना भएका हुन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक (डिआइजी) टेकप्रसाद राईले स्थानीय चुनावमा ७० वटा घटना भएको र यसपटक धेरै कम हुनुले चुनाव शान्तिपूर्ण रूपमा हुने भन्दै मतदातालाई भयरहितरूपमा मतदान केन्द्र पुगेर मत जाहेर गर्न आग्रह गरे । उनले चुनाव बहिष्कार गर्ने घोषणा गरेका नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा (बहुमत) र विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी पार्टीका नेता कार्यकर्ताहरूलाई उच्च निगरानीमा राखेकाले चुनावमा केही नहुने दाबी गरे ।

उनका अनुसार चुनावको दिन हवाई गस्तीसमेत हुनेछ । विष्फोटक पदार्थ निष्क्रिय पार्न 'डिस्पोजल' टोली परिचालन गरिएको छ । एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका गरी तीन लाखको संख्यामा सुरक्षाकर्मी परिचालित छन् ।

गृह मन्त्रालयका अनुसार नेपाली सेनाका ७१ हजार, नेपाल प्रहरीका ७१ हजार ६९३ र सशस्त्र प्रहरीका ३५ हजार जनशक्ति चुनावमा खटाइएको छ । (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## तीन महिनामा भित्रियो २ खर्ब ८१ अर्ब रेमिटचान्स

### गत वर्षको तुलनामा १६.८ प्रतिशतले वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु अर्थिक वर्षको पहिलो त्रैमासमा रेमिटचान्समार्फत नेपाल भित्रिने रकम करिब १७ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले बुधबार मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गर्दै साउनदेखि असोजसम्म विप्रेषण (रेमिटचान्स) आप्रवाह गत वर्षको सोही अवधिको तुलनामा १६.८ प्रतिशतले बढेको देखाएको हो ।




उक्त अवधिमा कूल दुई खर्ब ८१ अर्ब पाँच करोड रूपैयाँ रेमिटचान्स भित्रिएको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षको पहिलो तीन महिनामा दुई खर्ब ४० अर्ब रूपैयाँ रेमिटचान्स आएको थियो । चालु आवको पहिलो महिना साउनमा ९२ अर्ब २० करोड, भदौमा ९४ अर्ब ८३ करोड र असोजमा ९४ अर्ब एक करोड रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ । यो रकम विदेशमा कार्यरत नेपालीहरूले वैधानिक च्यानलमार्फत पठाएको रकम हो ।

राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आवको पहिलो त्रैमासको तथ्यांकमा अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.१ प्रतिशतले घटेको उल्लेख छ । यस अवधिमा अमेरिकी डलरमा रेमिटचान्स आप्रवाह ७.९ प्रतिशतले वृद्धि भई दुई अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत र व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्यामा पनि वृद्धि भएको तथ्यांक छ । जसमा गत आवको पहिलो त्रैमासभन्दा १२३.१ प्रतिशतले वृद्धि भई एक लाख ४७ हजार ९३२ जनाले अन्तिम श्रम स्वीकेति लिएका छन् । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या बढेको छ । राष्ट्र बैंकले समीक्षा अवधिमा पुनः श्रम स्वीकृति लिनेको संख्या ६६.२ प्रतिशतले बढेर ५७ हजार ८६१ जना पुगेको जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २१९.७ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर १७.१ प्रतिशतले बढेर तीन खर्ब १० अर्ब ४३ करोड रूपैयाँ प्राप्त भएको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ७.६ प्रतिशतले घटेको उल्लेख छ ।

वैदेशिक रोजगारीमा जाने संख्या बढ्दै जानु र पछिल्लो समय अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा कमजोर भएका कारण पनि रेमिटचान्समा वृद्धि हुन पुगेको राष्ट्र बैंकका अधिकारीहरूको भनाइ छ । गत जेठ महिनादेखि देशमा भित्रिने रेमिटचान्समा क्रमशः उल्लेख्य सुधार हुँदै गएको राष्ट्र बैंकले औंल्याएको छ । पछिल्लो समय रेमिटचान्स आप्रवाहमा वृद्धि हुनुलाई राष्ट्र बैंकले अवलम्बन गरेको मौद्रिक नीतिको प्रभावसमेत मानिएको छ ।

राष्ट्र बैंकले रेमिटचान्स आप्रवाहको दायरालाई फराकिलो पार्ने बताउँदै रेमिटचान्ससम्बन्धी विद्यमान व्यवस्थालाई सहज बनाउन पुनरवलोकन गर्ने मौद्रिक नीति लिएको छ । राष्ट्र बैंकले लिएको नीतिअनुसार नेपाली नागरिकमात्र नभई विदेशी नागरिक र विदेशस्थित संघसंस्थाबाट समेत नेपालमा रेमिटचान्स पठाउँदा सहज रूपमा प्राप्त गर्न सकिन्छ ।

त्यसैगरी वैदेशिक रोजगारीमा जाने नेपालीहरूले विदेशी मुद्रा सटही सुविधा प्राप्त गर्न अनिवार्यरूपमा बैंक खाता हुनुपर्ने उल्लेख गरिएको छ । राष्ट्र बैंकले औपचारिक माध्यमबाट स्वदेशमा रेमिटचान्स पठाउनेहरूलाई प्रमाणका आधारमा वैदेशिक रोजगारीबाट फर्किएपछि विभिन्न सेवा तथा सुविधा उपलब्ध हुने व्यवस्था गर्न नेपाल सरकारका सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने नीति अगाडि सारेको छ ।

### श्रम मन्त्रालयले भन्यो-

## बिचौलियाको पछि नलाग्नू

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारसम्बन्धी प्रवाह गरिने सबै सेवाहरू अनलाइन प्रणालीबाट हुने जनाउँदै बिचौलियाको पछि नलाग्न आग्रह गरेको छ । मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै अनलाइनमार्फत प्राप्त हुने कामका लागि सेवाप्रदायक कार्यालयमा भौतिकरूपमा उपस्थित भई भीडभाड गर्ने र अनावश्यक समस्या सिर्जना गर्ने र दबाब दिने कार्य भएकोमा ध्यानाकर्षण भएको भन्दै यस्तो सेवा प्रवाहका क्रममा बिचौलिया वा अन्य कुनै व्यक्तिको प्रभावमा नपर्न आग्रह गरेको हो ।

हाल सेवाग्राहीको नाममा बिचौलिया कार्यस्थलमा प्रवेश गरी कर्मचारीलाई कार्यसम्पादनमा असर गर्ने, विधि र प्रक्रिया नमिलेका काम गर्न अनेकन दबाब दिने, प्रलोभनमा पार्न प्रयत्न गर्ने र आफ्नो निहित स्वार्थ पूरा नहुँदा कार्यालयको काम कारबाहीप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति बढेको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट प्रवाह गरिने सबै सेवा अनलाइन प्रणालीमा आबद्ध गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । मन्त्रालयले विभाग र रोजगार कार्यालयबाट हुने सेवा प्रवाहको निरन्तर प्रणालीमार्फत तथा स्थलगतरूपमा अनुगमन गर्ने सेवा प्रवाह र गुनासो सम्बोधन सम्बन्धमा सघनरूपमा छलफल गरी सोको निराकरण मिलाएको जनाएको छ ।

विभाग र कार्यालयबाट सेवा प्राप्त गर्न स्वदेश तथा विदेशमा रहेका सेवाग्राहीले भौतिकरूपमा उपस्थित हुन नपर्ने गरी व्यवस्था मिलाइएको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता डा. थानेश्वर भुसालले बताए । उनले कानुनबमोजिम लाग्ने दस्तुर अनलाइन प्रणालीबाटै भुक्तानी गर्ने व्यवस्था मिलाइएको जानकारी दिए ।




## तथ्यांकमा निर्वाचन




| प्रतिनिधि सभा निर्वाचन क्षेत्र | | प्रदेश सभा निर्वाचन क्षेत्र |
|---|---|---|
| २८ | प्रदेश १ | ५६ |
| ३२ | मधेश | ६४ |
| ३३ | बागमती | ६६ |
| १८ | गण्डकी | ३६ |
| २६ | लुम्बिनी | ५२ |
| १२ | कर्णाली | २४ |
| १६ | सुदूरपश्चिम | ३२ |

प्रतिनिधि सभा कूल निर्वाचन क्षेत्र १६५

प्रदेश सभा कूल निर्वाचन क्षेत्र ३३०

| मतदान स्थल संख्या | | मतदान केन्द्र संख्या |
|---|---|---|
| १८९७ | प्रदेश १ | ४०९९ |
| २१५६ | मधेश | ४२३५ |
| १८१२ | बागमती | ४१४३ |
| १२८३ | गण्डकी | २३३९ |
| १६५० | लुम्बिनी | ३८६२ |
| ९३३ | कर्णाली | १४०३ |
| ११६१ | सुदूरपश्चिम | २१४६ |

कूल मतदान स्थल संख्या १०,८९२

कूल मतदान केन्द्र संख्या २२,२२७

*इन्फोग्राफिक्स्ः निर्वाचन आयोग*

# मतदानस्थलको संवेदनशीलताका आधारमा विशेष सुरक्षा योजना

■ **प्रकाश सिलवाल**

**काठमाडौं–** यही मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मुलुकका चारवटै सुरक्षा अंगलाई प्रभावकारी र समन्वयात्मकरूपमा परिचालन गर्न विशेष सुरक्षा योजना तयार भएको छ । गृह मन्त्रालयबाट तयार भएको उक्त योजनाबारे निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिमा थप छलफलसहित निर्णय भएको छ ।

निर्वाचनको मिति घोषणापछि हालसम्म उक्त समितिका तीनवटा बैठक सम्पन्न भएका छन् । सुरक्षाको विशेष योजनामा २० रणनीति रहेको र सोहीअनुसार क्रियाकलाप, समय तालिका, जिम्मेवार निकाय, समन्वय र अनुगमन निकायको स्पष्ट जिम्मेवारी तोकिएको छ । मतदानस्थलको संवेदनशीलताको सुरक्षा विश्लेषणका आधारमा वर्गीकरण गरिएको छ । निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडयालले स्पष्ट जिम्मेवारी, समन्वय र प्रभावकारितामा जोड दिइएको जनाउँदै केन्द्रीय सुरक्षा समितिका साथै जिल्ला सुरक्षा समिति र संयुक्त कमाण्ड पोस्ट, म्यादी प्रहरीका संयन्त्र खडा गरी सुरक्षासम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने, घुम्ती तथा निगरानी टोली परिचालित हुने व्यवस्था गरिएको बताए । विशेष योजनामा मतदानस्थललाई सामान्य, संवदेनशील र अति संवेदनशील गरी तीन वर्गमा वर्गीकरण गरिएको छ । उनले मतदानलाई प्रभावित पार्न निर्वाचन बहिष्कार गर्ने, मतदातालाई डर, त्रास र धम्की दिने गतिविधि गर्ने समूह र व्यक्तिलाई नियन्त्रणमा लिइने स्पष्ट गर्दै प्रचारप्रसार निषेधको अवधि मंसिर १ गतेदेखि मतदानको दिनसम्म प्रचारप्रसार निषेधका साथै सुरक्षाकर्मीबाहेक हातहतियार लिएर कुनै पनि व्यक्ति हिँड्न नहुने, मतदान गर्न जाँदा मतदाताले मोबाइल र अन्य निषेधित वस्तु लिएर जान नहुने प्रबन्ध गरिएको बताए ।

'कुनै पनि मतदानस्थलमा सुरक्षा संवेदनशीलतामा खलल उत्पन्न भएमा वा हुलदंगा भएर थप सुरक्षा जनशक्ति आवश्यक भएमा ३० मिनेटभित्र टोली पुग्नेगरी प्रबन्ध मिलाइएको छ । समय-समयमा हवाइ गस्ती पनि गराइनेछ,' उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका संयोजक आयुक्त पौडयालले भने, ' निर्वाचनलाई सुरक्षित, भयरहित, निष्पक्ष, स्वतन्त्र र स्वच्छरूपमा सम्पन्न गराउन आयोग क्रियाशील छ । सुरक्षाको प्रबन्ध चुस्त र दुरुस्त गरिएको छ । म सबै मतदातालाई ढुक्क भएर मताधिकारको प्रयोग गर्न आग्रह गर्दछु ।'

मंगलबार उच्चस्तरीय निर्वाचन सुरक्षा समितिमा निर्वाचन प्रचारप्रसारका क्रममा मधेस प्रदेशका कतिपय जिल्लामा भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग नियन्त्रणका लागि भएका प्रयासबारे समीक्षासमेत भएको थियो । निर्वाचनको तयारीका क्रममा सामग्री र जनशक्ति व्यवस्थापन, सुरक्षा प्रबन्ध र अनुगमनको मिहिन विश्लेषण गरेर तत्काल सम्बोधन गर्नुपर्ने विषयमा सम्बोधन गर्ने संयन्त्र विकास गरिएको छ ।आयोगमा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्रले मतदानस्थलसम्म सिधै र नियमित सम्पर्क राख्नुपर्ने, खटिएका कर्मचारी सम्बन्धित स्थलमा पुगे/नपुगेको जानकारी लिने, वडास्तरमा जारी मतदाता शिक्षा सञ्चालनको अवस्था बुझ्ने, आचारसंहिता परिपालनामा आवश्यक सघाउने, जिल्लास्थित निर्वाचन कमाण्ड सेलसँग समन्वय बढाउने तथा मतदानपछि मतपेटिका र गणनाको सुरक्षालगायतका विषयमा आवश्यक समन्वय र सहयोग भइरहेको छ । आयोगका सचिवको संयोजकत्वमा रहने सो केन्द्रमा गृह मन्त्रालयका सहसचिव, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका सहसचिवस्तरका नेतृत्व तथा आयोगका आवश्यक कर्मचारी रहने छन् ।

निर्वाचन सुरक्षा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७९ तथा निर्वाचन अनुगमन (पहिलो संशोधन) निर्देशिका, २०७९ अनुसार स्थापित केन्द्रले देशभर निर्वाचनबारे भइरहेका व्यवस्थापन, सुरक्षा र अनुगमनका कामलाई अझ प्रभावकारी बनाउन समन्वय गर्नेछ । पाँच वर्षपछि हुन लागेको यस निर्वाचनका लागि एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकामा ८८ लाख ४७ हजार ५७९ महिला र ९१ लाख ४० हजार ८०६ तथा १८५ जना अन्य रहेका छन् । *रासस*

# दुई विदेशीसहित ४६ संस्था पर्यवेक्षणमा खटिँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि दुई विदेशीसहित ४६ संस्था पर्यवेक्षणमा खटिने भएका छन् । त्यस्तै विभिन्न छ देशका निर्वाचन आयोगका प्रतिनिधि पनि निर्वाचन पर्यवेक्षणका लागि नेपाल आउन लागेको निर्वाचन आयोगले जनाएको छ ।

'हामीले मान्यता दिएका संस्थामध्ये दुई संस्था एसियन नेटवर्क फर फ्री इलेक्सन र सिभिक च्याम्बर अफ रसियन फेडेरेसनमात्रै पर्यवेक्षणमा सहभागी हुन लागेका छन् । नेपालभित्रका भने ४४ संस्थाले पर्यवेक्षणको अनुमति पाएका छन्,' निर्वाचन आयोगका उपसचिव कमल भट्टराईले भने, 'त्यसैगरी, भारत, बंगलादेश, भुटान, माल्दिभ्स, श्रीलंका र दक्षिण कोरियाको निर्वाचन आयोगका पदाधिकारी पनि पर्यवेक्षणका लागि नेपाल आउँदै हुनुहुन्छ ।'

आयोगका अनुसार भारतका प्रमुख निर्वाचन आयुक्त राजीव कुमारसहितको प्रतिनिधिमण्डल नेपाल आउँदै छन् । त्यस्तै बंगलादेशका प्रमुख निर्वाचन आयुक्त काजी हबिबुल अवाल, भुटानका प्रमुख निर्वाचन आयुक्त सोनम तोप्गे र माल्दिभ्सका निर्वाचन आयोगका अध्यक्ष फुवाद थोफिकको नेतृत्वमा पदाधिकारी नेपाल आउँदै छन् ।

श्रीलंकाबाट दुई निर्वाचन आयुक्त एमएम मोहम्मद र एसबी देवरत्ने तथा दक्षिण कोरियाबाट इलेक्सन कमिस्नर किम चाङ-बोसहितको टोली नेपाल आउन लागेको पनि आयोगले जनाएको छ । उनीहरू काठमाडौं उपत्यकालगायत नजिकका जिल्लामा पर्यवेक्षणका लागि जाने छन् ।

त्यस्तै नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रतिनिधि र विशिष्ट व्यक्ति पनि चुनावी पर्यवेक्षणमा खटिने छन् । 'मतदानको दिन कूटनीतिक मिसनका प्रतिनिधिले अवलोकन गर्नुहुन्छ । ख्यातिप्राप्त, अनुभवी र विशिष्ट व्यक्तिलाई पनि आयोगले पर्यवेक्षणका लागि बोलाउन सक्छ,' उपसचिव भट्टराईले भने ।

निर्वाचन आयोग ऐनको दफा ६ ले कुनै स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्न दिन सकिने व्यवस्था गरेको छ । त्यसका लागि निर्वाचन आयोगले अनुमति दिन्छ । पर्यवेक्षणमा खटिने व्यक्ति तथा संस्थाले निर्वाचनको वैधता, स्वतन्त्रता, निष्पक्षता, तटस्थता, समानतालगायतका विषय हेर्छन् ।

त्यस्तै निर्वाचनका क्रममा राजनीतिक दलहरूका गतिविधि, आचारसंहिताको पालना, सुरक्षा तथा राजनीतिक हिंसा, निर्वाचन स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र भयरहितरूपमा सञ्चालन भए/नभएको बारेको अध्ययन पनि पर्यवेक्षक संस्थाले गर्छन् । यद्यपि, पर्यवेक्षणका लागि खटिएका संस्था वा व्यक्तिले समेत आचारसंहिता उल्लंघन गर्न सक्ने र त्यस्तो गरेको पाइएमा कारबाही गरिने आयोगका उपसचिव भट्टराईले बताए ।

पर्यवेक्षक संस्था र व्यक्तिका लागि छुट्टै आचारसंहिता तोकिएको छ । निर्वाचन आचारसंहिता २०७९ को परिच्छेद ६ मा पर्यवेक्षण गर्ने संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण समेटिएको छ ।

पर्यवेक्षण अनुमति पाएका संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीन दिनभित्रमा त्यसको प्रतिवेदन निर्वाचन आयोगसमक्ष बुझाइसक्नुपर्ने व्यवस्था रहेको छ । त्यस्ता संस्थाले निर्वाचनका क्रममा गरेको आयव्ययको विवरण पनि तीस दिनभित्रमा आयोगलाई बुझाइसक्नुपर्छ ।

त्यस्तै पर्यवेक्षकले आयोगले अनुमति दिएका क्षेत्रमा मात्रै पर्यवेक्षण गर्न पाउँछन् । सुरक्षा संवेदनशील क्षेत्रमा पर्यवेक्षण गर्न पाइँदैन । पर्यवेक्षकले आफ्नो स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको पालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नपाउने व्यवस्था रहेको छ ।

# लोसपाका उम्मेदवार मेहेताको उम्मेदवारी खारेज

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)नेपालका प्रदेशसभा सदस्यका उम्मेदवार सन्तोषकुमार मेहताको उम्मेदवारी खारेज गरेको छ । आयोगले बहुविवाहसम्बन्धी मुद्दामा दोषी ठहर भएका मेहताको उम्मेदवारी स्वतः बदर हुने निर्णय गरेको हो । उनी सुनसरी क्षेत्र नं ४ को (२) का उम्मेदवार बन्दै चुनावी प्रतिस्पर्धामा थिए ।

आयोगले प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) बमोजिम मेहताले बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएकोले निजको उम्मेदवारी प्रदेशसभा सदस्य पदका लागि अयोग्य ठहर गरेको हो ।

'मेहताले उम्मेदवारी मनोनयनको क्रममा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा १८ को उपदफा (६) सँग सम्बन्धित अनुसूची ६ बमोजिम प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (च) मा भएको कानुनी व्यवस्था बमोजिम आफू अयोग्य नभएको भनी स्वघोषणा गरेकोमा आफ्नै स्वघोषणाको प्रतिकूल हुनेगरी प्रदेशसभा सदस्यको उम्मेदवारी मनोनयन गरेकोसमेतका आधारमा उम्मेदवारी बदर गरिएको हो,' आयोगले जनाएको छ ।

मेहताको उम्मेदवारी बदर भए पनि मतपत्र छापिसकेकोले सोही मतपत्र प्रयोग गर्ने आयोगले जनाएको छ । आयोगले भनेको छ, 'निर्वाचनका मतपत्रहरू छपाइ भई सम्बन्धित मतदान अधिकृतले बुझी मतदान केन्द्रमा पुऱ्याउने प्रक्रियामा रहेको र प्राविधिक तथा व्यवस्थापकीय दृष्टिले अर्को मतपत्र डिजाइन तथा छपाइ गरी मतदान अगावै सबै मतदान केन्द्रमा मतपत्र पुऱ्याउन समयाभावको कारणले असम्भव भएको हुँदा निज मेहताको निर्वाचन चिह्न साइकलमा कुनै मत परेमा उक्त मत स्वतः बदर गर्न सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिइएको छ ।'

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर १ गते बिहीबार (तिथिः मार्ग कृष्ण नवमी)

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ । |
| **वृष** | धनलाभ हुनेछ । |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ । |
| **कर्कट** | काममा बाधा आउनेछ । |
| **सिंह** | कामको अवसर बढ्नेछ । |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला । |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ । |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला । |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर १ गते, २०७९, १७ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निरन्तर सुधारको खाँचो

लगातार ओरालो लाग्दै आएको अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिएको छ । नकारात्मक बनिरहेका आर्थिक सूचकहरूमा सुधार देखिएको हो । नेपाल राष्ट्र बैंकले बुधबार मुलुकको आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गर्दै आर्थिक सूचकहरूमा सुधार आएको उल्लेख गरेको छ । लगातार घाटामा रहेको सोधनान्तर स्थिति बचतमा आएको छ । विदेशी मुद्राको सञ्चिति पनि बढेको छ । व्यापार घाटाको आकडा घटेको छ भने मुलुकमा भित्रिने रेमिटयान्स करिब १७ प्रतिशतले बढेको छ । यी सूचकहरूले अर्थतन्त्रमा सुधारको सकारात्मक संकेत देखाएको छ ।

त्यसो त वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको विप्रेषण तथा आयातमा गरिएको कडाइका कारण शोधनान्तर स्थितिमा सुधार आएको अर्थविद्हरूको भनाइ छ । लामो समयदेखि शोधनान्तर घाटा गएपछि सरकारले विभिन्न वस्तुको आयातमा कडाइ गरेको छ । राष्ट्र बैंकले पनि आयात घटाउने नीतिगत व्यवस्था लागू गरेको छ । यही कारण पछिल्ला महिनामा शोधनान्तर स्थितिमा सुधार हुँदै गएको हो । यद्यपि, देशबाट बाहिरिनेभन्दा भित्रिने रकम बढेसँगै सरकारले राहतको श्वास फेर्न पाएको छ ।

चालु आवको तीन महिनामा शोधनान्तर स्थिति १२ अर्ब ४३ करोड रूपैयाँले बचतमा रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ८७ अर्ब ७१ करोड रूपैयाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको असोज मसान्तसम्ममा ७४ करोड १२ लाखले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा नौ करोड १८ लाखले बचतमा छ ।

यता चालु खाता भने अझै घाटामै रहेको छ । तर, घाटाको आकडा भने उल्लेख्य घटेको छ । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा चालु खाता ३४ अर्ब २८ करोड रूपैयाँले घाटामा छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा एक खर्ब ४९ अर्ब ८१ करोड रूपैयाँ रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २६ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २७ करोडले घाटामा रहेको छ ।

केही वस्तुको आयातमा गरेको कडाइ गरेको परिणाम विदेशी मुद्राको सञ्चितिमा देखिएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा विदेशी विनिमय सञ्चिति १२ खर्ब ४६ अर्ब २२ करोड रूपैयाँ बराबर पुगेको छ । गत आवको सोही अवधिको तुलनामा कूल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले बढेको छ । यसँगै मुलुकको वस्तु आयात गर्न सक्ने क्षमतामासमेत सुधार भएको छ । केन्द्रीय बैंकका अनुसार बाह्य क्षेत्रमा केही सुधार भएको पाइएको हो । अघिल्लो आवको अन्त्यमा विदेशी मुद्राको सञ्चिति १२ खर्ब १५ अर्ब ८० करोड रूपैयाँ बराबर थियो ।

पछिल्लो तीन महिनामा दुई खर्ब ८१ अर्ब रूपैयाँ रेमिटयान्स भित्रिएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.८ प्रतिशतले बढी हो । अमेरिकी डलरमा आप्रवाह ७.९ प्रतिशतले वृद्धि भई दुई अर्ब १९ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले घटेको थियो । राष्ट्र बैंकका अनुसार मूल्यवृद्धि भने अझै अनियन्त्रित रहेको छ । पछिल्लो महिनाको मूल्यवृद्धि ८.५० प्रतिशत कायम भएको छ ।

आर्थिक सूचकहरूमा आएको केही सुधारलाई सकारात्मक रूपमा लिनुपर्छ । तर, यो सुधारको क्रम जारी रहनेमा अझै ढुक्क भइहाल्ने स्थिति छैन । साथै, आन्तरिक क्षेत्रमा अझै सुधार हुन सके को छैन । त्यसैले आगामी चुनौती पहिल्याउँदै सरकारले कडा नीति अवलम्बन गर्न जरुरी छ । चुनौतीको बेवास्ता नगरियोस् ।

## मनन्योग्य

### चाणक्य नीति

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो ।

सुख, दु:ख, जय पराजय समुद्रका तरजस्तै हुन्छन् । दु:खपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्राय: हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए । विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे । त्यतिबेलै कुनै एक गुप्तचर आई वैद्यको असफलता र मृत्युको समाचार सुनायो ।

राक्षसले लामो नि:स्वास लिंदै भने- 'लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् । ... तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु' अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ ।

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- 'मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं ।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- ' तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ । जो हाउभाउ संगीत, नृत्यकलामा अनुपम छ' । क्रमश :

# 'देशलाई अघि बढाउने योजना एमालेसँग मात्रै छ'

*सहकारी क्षेत्रमा लामो समयदेखि सक्रिय ज्ञानबहादुर तामाङ यतिबेला राष्ट्रिय राजनीतिमा सक्रिय छन् । देशभर चुनावी सरगर्मी बढेको बेला तामाङलाई पनि चुनावले व्यस्तता बढाएको छ । यही मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा उनी बागमती प्रदेशसभा सदस्यका लागि समानुपातिकतर्फका उम्मेदवार छन् । नेकपा एमालेबाट उम्मेदवार बनेका उनी मतदातासम्म पुगेर मत माग्ने अभियानमा सक्रिय छन् । चुनावकै सन्दर्भमा केन्द्रित रहेर उम्मेदवार तामाङसँग **प्रभाव**ले गरेको कुराकानीः*

पार्टीगतरुपमा नेकपा एमाले सबैभन्दा धेरै सहकारीमैत्री पार्टी हो । तपाईंले इतिहास हेर्नुभयो भने पनि एमालेले अर्थ मन्त्रालय सम्हालेको बेलामा सरकारको बजेट र नीति तथा कार्यक्रममा सहकारी क्षेत्रले प्राथमिकता पाएको छ । एमाले सरकारकै पालामा सहकारीको आयकर आधा घटेको हो । देश विकासका लागि सहकारी अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा हो भन्ने संविधानको मूल मर्मलाई पार्टीले अंगीकार गरेको छ ।

ooo



**ज्ञानबहादुर तामाङ**
**बागमती प्रदेशसभाका समानुपातिक उम्मेदवार, नेकपा एमाले**

**नेकपा एमालेबाट बागमती प्रदेशसभा सदस्यका लागि समानुपातिक उम्मेदवार बन्नुभएको छ । सहकारी अभियानको नेतृत्वमा स्थापित व्यक्ति पार्टी राजनीतिमा सक्रिय हुनुको कारण के हो ?**

देश सञ्चालन गर्ने मूल नीति राजनीति हो । राजनीतिक पार्टीले अवलम्बन गर्ने नीति तथा कार्यक्रमका आधारमा जनताबाट मत पाउने र त्यसकै आधारमा देश सञ्चालन गर्ने हो । अहिलेसम्म मैले सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि जे जति योगदान गरें त्यसका आधारमा पनि आफ्ना योजनाहरू पूरा गर्नका लागि नीतिगत तहमै पुग्नुपर्छ भन्ने लागेर नै राजनीतिमा आएको हो ।

नीतिगत तहमा पुगेपछि आफ्नो भिजनलाई अघि बढाउन अझ सजिलो हुन्छ । जस्तो हिजो हामी बाहिर बसेर सहकारीमैत्री ऐन कानुन, नीति तथा कार्यक्रमका लागि लबिइङ, एड्भोकेसी गर्थ्यौं । त्यसमध्ये कतिपय माग सम्बोधन भए कतिपय अधुरा छन् । अधुरा कामलाई पूरा गर्नका लागि आफैं नीतिगत ठाउँमा पुग्नुपर्छ भनेर नै राजनीतिमा सक्रिय भएको हुँ ।

**पछिल्लो समय स्वतन्त्र उम्मेदवारी दिने बाढी आएको छ । यो अवस्थामा तपाईंले एमाले नै रोज्नुको कारण के हो ?**

म पार्टीपद्धतिमा विश्वास राख्ने व्यक्ति हुँ । एक/दुई जना व्यक्ति स्वतन्त्रबाट जित्न सक्लान् तर उनीहरू राजनीतिक दलको विकल्प हुन सक्दैनन् । म स्कुल पढ्दादेखि नै एमालेको विद्यार्थी संगठन अनेरास्ववियुमा संगठित भएर काम गरेको व्यक्ति हो । उच्च शिक्षा अध्ययनसँगै शिक्षण पेसामा लागेपछि पनि पार्टी जीवनबाट टाढा रहन सकिएन । किनकि, भूमिगतकालदेखि नै मेरो घर पार्टीको सेल्टरको रूपमा रहेको थियो हाम्रो परिवार, मार्क्सवादी दर्शन र नेकपा एमालेबीचको सम्बन्ध सधैं अटुट रह्यो । कम्युनिस्टप्रतिको आस्थाबाट कहिल्यै विचलित भइनँ । सहकारी अभियानमा सक्रिय भए पनि व्यक्तिगतरूपमा त कुनै न कुनै राजनीतिक पार्टीप्रति आस्था त रहने नै भयो । एमालेकै केन्द्रीय सहकारी तथा गरिबी निवारण विभागको सदस्यका रूपमा काम गरिरहँदा पार्टीले मेरो योगदानको सही मूल्यांकन गरी बागमती प्रदेशसभा सदस्यमा समानुपातिकतर्फको बन्द सूचीमा राख्ने प्रस्तावलाई मैले स्वीकार गरेको हो ।

**सहकारी क्षेत्रलाई अघि बढाउने पार्टीको भिजन के हो त ?**

नेकपा एमालेले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा आफ्नो भिजन स्पष्ट पारेको छ । 'सहकारीबाट व्यवसाय प्रवर्द्धन : नागरिकको आर्थिक उन्नयन' नारा अघि सार्दै पार्टीले आगामी पाँच वर्षभित्र सहकारीका सदस्य एक करोड र बचत परिचालन १० खर्ब रूपैयाँ पुऱ्याउने योजना ल्याएको छ । अहिले सहकारीका देखिएका समस्यालाई सम्बोधन गर्ने योजना घोषणापत्रमा उल्लेख छ । सहकारी ऐनमा उल्लेख भएको तर कार्यान्वयन नभएका विषयलाई पनि अगाडि बढाउने योजना छ । सहकारीलाई बिमामा आबद्ध गर्ने, सहकारी ऋण सूचना, तरलता व्यवस्थापन तथा कारोबार क्लियरिङको व्यवस्था गरिने, बचत तथा ऋण सहकारीलाई उत्पादनमूलक क्षेत्र तथा राष्ट्रियरूपमा ठूला आयोजनामासमेत पुँजी परिचालन गर्न मिल्ने कानुनी व्यवस्था मिलाउँदै प्रोत्साहित गर्ने योजना छ ।

पार्टीगतरूपमा नेकपा एमाले सबैभन्दा धेरै सहकारीमैत्री पार्टी हो । तपाईंले इतिहास हेर्नुभयो भने पनि एमालेले अर्थ मन्त्रालय सम्हालेको बेलामा सरकारको बजेट र नीति तथा कार्यक्रममा सहकारी क्षेत्रले प्राथमिकता पाएको छ । एमाले सरकारकै पालामा सहकारीको आयकर आधा घटेको हो । देश विकासका लागि सहकारी अर्थतन्त्रको एक महत्त्वपूर्ण खम्बा हो भन्ने संविधानको मूल मर्मलाई पार्टीले अंगीकार गरेको छ ।

**चुनावी गतिविधिमा कसरी सक्रिय हुनुहुन्छ त ?**

म प्रदेशसभा सदस्यका लागि समानुपातिक उम्मेदवार भएकाले मुख्य गरी बागमती प्रदेशका १३ वटै जिल्ला क्षेत्र रहे पनि विशेषगरी मेरो बसाइँ काठमाण्डौं क्षेत्र नं. ५ भएकोले यस क्षेत्रमा बढी चुनावी गतिविधिमा सक्रिय भइरहेको छु । काठमाडौं क्षेत्र नं. ५ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, ५(क) बाट नारायण सिलवाल र ५(ख) बाट नेकपा एमाले काठमाण्डौ जिल्ला पार्टी अध्यक्ष दीपक निरौलासँगै आमजनताको घरदैलोमा पुगेर जनताको गुनासो, सल्लाह सुझाव सुन्ने, मत माग्ने काममा सक्रिय छु । यसैगरी मेरो जन्मस्थान काभ्रे जिल्ला क्षेत्र न. १ को चुनावी कार्यक्रमहरूमा पनि भ्याएसम्म सक्रिय भएको छु । यसैगरी म आफैं रहेको भएको सहकारी क्षेत्रका कार्यक्रममा पनि सक्रिय हुनै पऱ्यो ।

**जनताले एमालेलाई नै रोज्नुपर्ने कारण के छ ?**

एमाले नेपाली जनताको मन मस्तिस्कमा स्थापित छ । कुराले मात्र होइन, कामले नै हामीले यसलाई पुष्टि गरेका छौं । एमालेले सरकार सञ्चालन गर्दा सुरु गरेका आफ्नो गाउँ आफैं बनाऔं, वृद्धभत्ता, एकल महिला भत्ता, अपांग भत्ता र अन्य सामाजिक सुरक्षा भत्ताका कारण पनि आमजनताले एमालेलाई भुल्न सकेका छैनन् ।

यस्तै एमाले सरकारले नै नेपालले गुमाएको जमिन समेटेर चुच्चे नक्सा जारी गरेको छ । जसबाट नेपाल एक सार्वभौम देश हो भन्ने सन्देश विश्वलाई दिन सफल भएको छ । त्यस्तै एमाले अध्यक्ष केपी शर्मा ओलीको भारतको नाकाबन्दीविरुद्धको अडान, तुइन विस्थापन, रेल, सुरुङमार्गको क्षेत्रमा भएका कामका कारण जनताको मन मस्तिष्कमा एमाले स्थापित छ ।

'समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणा अघि सारेको एमालेसँग देशलाई अघि बढाउने योजना छन् । अहिले गठबन्धनको सरकारको नीतिका कारण देशको गिर्दो आर्थिक अवस्था देखेर जनता सचेत हुनुहुन्छ । अब फेरि एकपटक विकासको लहर सिर्जना गर्न तथा राष्ट्रिय स्वाधीनताको रक्षा गर्न नेकपा एमालेलाई बहुमतको सरकार बनाउन सक्ने गरी जनताले मत दिनुपर्छ ।

## पत्र-मञ्जुषा

# संसद्मा नयाँ अनुहारको खोजी

आउने मंसिर ४ गते हुने चुनावका लागि जनप्रतिनिधिहरूलाई प्रचारप्रसारमा भ्याइनभ्याइ भइरहेको छ । हाम्रो देशका नेताहरूले देशका लागि बजेटभन्दा चुनाव प्रचारप्रसारका लागि बढी बजेट छुट्याएको भन्ने समाचारहरू सुन्नमा आइरहने गरेको छ । बिग्रिएको बाटो, पुलजस्ता बिग्रिएका पूर्वाधारहरूको विकास निर्माण गर्नका लागि बजेट छैन भन्ने नेताहरूले चुनाव प्रचारप्रसार गर्नका लागि कहाँबाट ल्याउने गरेका छन् त ?

यो देशको विकास गर्नका लागि देशप्रति माया भएको र देशलाई परिवर्तन गर्न सक्ने आँट, जाँगर भएका जनताको दु:ख पीडा बुझ्न सक्ने नेताको यो देशलाई खाँचो छ । आजभोलि हाम्रो देशका युवाहरू पनि राजनीतितर्फ आकर्षित भएको देख्न सकिन्छ । युवाहरू पढेलेखेका, नयाँ सोच विचारका हुने र देशलाई अगाडि बढाउन सक्ने क्षमता भएको हुने हुनाले देशमा नेता युवा नै हुन आवश्यक छ ।

हरेक पटकको चुनावमा खाली पुरानो अनुहार भएका जनप्रतिनिधीहरूलाई देखिन्थ्यो भने यसपालिको चुनावमा नयाँ अनुहार भएका व्यक्तिहरूलाई देख्न सकिने आशा जागेको छ । यसपालिको चुनाव अलि चाखलाग्दो रहेको र छुट्टै नयाँ पार्टीका नयाँ प्रतिनिधिहरू र पुराना पार्टीका पुराना जनप्रतिनिधिहरूबीचको प्रतिस्पर्धा चल्ने भएको छ । स्वतन्त्र उम्मेदवार सागर ढकाल प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देवालाई टक्कर दिन लागिपरेका छन् । पूर्वसञ्चारकर्मी रवि लामिछाने नयाँ पार्टी बनाएर चुनावी मैदानमा छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा वलीको विरुद्धमा पनि स्वतन्त्र उम्मेदवारी रहेको छ । पुराना नेताहरूलाई युवा उम्मेदवारहरूले चुनौती दिइरहेका छ न् ।

जनताहरू पनि केही सचेत बनेको र युवाहरूलाई जितायो भने युवाहरूले देश परिर्वतन गर्न सक्छन् र जनताको दु:ख, पीर बुझ्छन् भन्ने धारणा व्यक्त गर्ने गरेका छन् । हर्क साम्पाङ र बालेद्र (बालेन) शाहको विजयपछि युवाहरूले देशको विकास गर्न सक्छन् भन्ने विश्वास पनि बढेको छ ।

यसपालिको चुनावमा स्वतन्त्र उम्मेदवारीको लहर ह्वात्तै बढेको छ । स्थानीय तहमा जस्तै स्वतन्त्र उम्मेदवार प्रतिनिधिसभा र प्रदेशसभामा पनि विजयी हुने माहोल देखिन्छ । मुलुकको विकासका लागि पुराना नेता र दलहरूले खासै काम गर्न नसकेका कारण जनता उनीप्रति रुष्ट छन् । त्यसैले यो पालि चुनावको परिणाम अनपेक्षित आउनसक्ने देखिन्छ ।

अहिलेको माहोलले ठूला दल तथा तिनका नेताहरूलाई निकै समस्यामा पार्ने देखिन्छ । यही बुझेर उनीहरूले आफ्नो चुनाव क्षेत्रमा निकै मिहेनत गरिरहेका छन् । तर, उनीहरूको भविष्य मंसिर ४ गते जनताले कोरिदिने छन् । जनताले पटक-पटक जिताएर पठाएका नेताहरूले काम गर्न नसकेको परिणाम यसपालि बेहोर्नुपर्ने देखिन्छ । संसद्मा नयाँ अनुहारको खोजी देशभरबाट भइरहेको छ । अब नतिजा के आउँछ त्यसको प्रतीक्षा गरौं ।

*- **कोपिला त्रिपाठी**, कलंकी*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# ‘पञ्चेश्वर आयोजना अगाडि बढ्छ’



**बैतडी–** प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढ्ने बताएका छन् ।

बैतडीको शिवनाथ गाउँपालिकाको सुल्लेखानमा आयोजित सत्ता गठबन्धनको चुनावीसभालाई सम्बोधन गर्दै उनले भने, ‘पञ्चेश्वर आयोजना बन्छ, पञ्चेश्वर बनेमा यहाँको विकास हुन्छ । यसलाई अवश्य अगाडि बढाउँछौं । पञ्चेश्वरलाई अगाडि बढाउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीज्यू पनि सकारात्मक हुनुहुन्छ ।’

यसका साथै उनले पाटन–पञ्चेश्वर सडकखण्ड छिट्टै कालोपत्र हुने बताए । बैतडीको तल्लोस्वराड क्षेत्रमा पहिलेभन्दा अहिले धेरै विकास भएको भन्दै उनले अझै अधुरा विकास निर्माणका कार्य अगाडि बढाइने स्पष्ट गरे । उनले भने, ‘धर्मघाटमा पुल, पाटन–उग्रतारा–मेलौली सडकखण्ड निर्माणलगायतका बाँकी विकास निर्माणका कार्य अगाडि बढाउनेछौँ ।’

बैतडी सहिद दशरथचन्द र द्वारीकादेवी ठकुरानीको जिल्ला रहेकाले यहाँ गठबन्धनले जित्नु आवश्यक रहेकामा प्रधानमन्त्री देउवाको जोड थियो ।

‘दशरथ चन्द जन्मेको र द्वारीकादेवी ठकुरानीको ठाउँमा आउँदा निकै खुसी छु’ उनले भने, ‘सहिद दशरथचन्द र द्वारीकादेवी ठकुरानीको जिल्ला रहेकाले यहाँ गठबन्धनका उम्मेदवारले जित्न आवश्यक छ ।’

देश महत्वपूर्ण मोडमा उभिएकाले गठबन्धनलाई विजय गराउन आवश्यक रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो । उनले भने, ‘केपी ओलीले दुई पटक संसद् विघटन गरेकाले यो गठबन्धन बनेको हो । गठबन्धनका उम्मेदवारलाई जिताउनुस्, यो गठबन्धन १०/१५ वर्षसम्म जान्छ । गठबन्धन सरकार लामो सयमसम्म अगाडि बढे देश समृद्ध बन्नेछ, देशमा विकास हुनेछ ।’

सोही सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसकी नेत्री आरजु राणा देउवाले देशको विकास र आर्थिक समृद्धिका लागि गठबन्धनलाई जिताउन आग्रह गरिन् ।

प्रधानमन्त्री देउवा दोस्रोपटक बैतडी पुगेका हुन् । यसअघि कात्तिक २३ गते पनि बैतडीको पाटनमा आयोजना गरिएको चुनावी सभालाई प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवा र पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सम्बोधन गरेका थिए ।

बैतडीमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) संयुक्त गठबन्धन गरेर चुनावी मैदानमा रहेका छन् । गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका लागि माओवादी केन्द्रका पोलिटब्युरो सदस्य नरेन्द्रबहादुर कुँवर (विजयसुन्दर) चुनावी मैदानमा रहेका छन् ।

प्रदेश सभा (१) मा नेपाली कांग्रेसका वीरबहादुर विष्ट र प्रदेशसभा (२)मा नेपाली कांग्रेसका शिवराज भट्ट चुनावी मैदानमा छन् । *रासस*

## चुनावको मुखमा...

पृष्ठ १ बाट जारी

यस्तै, म्यादी प्रहरी एक लाख १५ हजार जना भर्ना गरी खटाइएको छ । साथै, राष्ट्रिय अनुसन्धान मातहतका सुरक्षाकर्मी चुनावमा खटिएका छन् ।

प्रहरी प्रवक्ता राईले भने, ‘ तीन लाख सुरक्षाकर्मी परिचालन भएपछि कहीँ केही हुँदैन । चुनावमा शान्तिपूर्ण र भयरहित वातावरणमा हुन्छ । यसमा हामी प्रतिबद्ध छौं ।’

एकीकृत निर्वाचन सुरक्षा योजना तयारी समितिमा रहेका एक अधिकारीका अनुसार चुनाव बिथोल्ने घोषणा गरेका दलहरूभन्दा कांग्रेस नेतृत्वको गठबन्धन र एमाले नेतृत्वको गठबन्धनबाट चुनावमा सुरक्षा चुनौती हुनसक्ने यसअघि विश्लेषण गरिएको थियो । तर, दार्चुला, गोरखा र चितवनमा घटेका सामान्य घटनाबाहेक देशभर चुनावअघि शान्तिपूर्ण छ ।

फेरि यसपटक विप्लव नेतृत्वको नेकपा विभाजन भएर संगठितरूपमा चुनाव बहिष्कार गरेर बाधा पुर्‍याउनसक्ने स्थितिमा छैन । तराई मधेसदेखि पूर्व पहाडमा पनि कुनै भूमिगत राजनीतिक तथा आपराधिक समूह छैनन् । भएकामध्ये धेरै शान्तिपूर्ण राजनीतिको मूलधारमा आइसकेका छन् । केही समूह भने सुरक्षा निकायको ‘एक्सन’ले निस्तेज भएका छन् ।

## हाम्रालाई होइन...

पृष्ठ १ बाट जारी

पर्ने उनले बताइन् ।

चाँगुनारायण–७ वागेश्वरीका ७६ वर्षीय रामशरण काफ्लेले ज्येष्ठ नागरिकको समस्या बुझ्नेलाई भोट हाल्ने बताए । उनी भन्छन्, ‘हामी बूढाबूढीलाई यसो बिहान–बेलुका साथीभाइ भेटघाट गर्ने मिलन चौतारी, पाटीपौवा बनाइदिने, वृद्धभत्ता, पेन्सन घरमै ल्याउने व्यवस्था गरिदिने, भजनकीर्तन गर्ने ठाउँ बनाइदिने नेतालाई भोट हाल्न पाए हुन्थ्यो ।’

